नेपालको संविधान, २०७२ को दफा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ अनसुार सडक डिभिजन बुटवल, रुपन्देहीको देहाय बमोजिम सूचना स्वत : प्रकाशन (Proactive Disclosure) गरिएको छ।

## सडक डिभिजन बुटवल , रुपन्देहीको प्रकृति र स्वरुप :

रुपन्देही तथा नवलपरासी (पश्चिम) जिल्लामा निर्मित राष्ट्रिय राजमार्ग तथा तहाँ रहेका पुलहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत तथा राजमार्गहरुको स्तरोन्नति र पुनस्थापना गर्ने कार्य संग सम्बन्धित रहेको छ। केहि जिल्लास्तरीय, स्थानीय सडक तथा पुलहरुको निर्माण समेत यस डिभिजनबाट हुँदै आईरहेको छ।

उपर्युक्त उदेश्य परिपूर्ति तथा निर्धारित लक्ष्य प्राप्तिका लागि पछिल्लो नेपाल सरकारको मिति २०७८/०१/२३ को निर्णयअनुसार स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) बमोजिम रा.प. द्वितीय प्रा. ने.ई. सेवा सिभिल समूह हाइवे उपसमूह तर्फको – १ जना डिभिजन प्रमुखको रुपमा रहने र डिभिजन प्रमुखको अन्तर्गत प्राविधिक शाखा, प्रशासन शाखा र लेखा शाखा मार्फत डिभिजनको कार्य संचालन हुँदै आएको छ।

## सडक डिभिजन बुटवल, रुपन्देहीको काम, कर्तव्य र अधिकार

क) रुपन्देही र नवलपरासी (पश्चिम) जिल्लाभित्र रहेका राष्ट्रिय राजमार्ग तथा राजमार्ग अन्तर्गत रहेका पुलहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार

ख) रुपन्देही तथा नवलपरासी (पश्चिम) जिल्लाभित्र रहेका राजमार्गहरुमा यातायातलाई निर्वाध रुपमा संचालन गर्नको लागि आवश्यक सहजीकरण गर्ने

ग) राष्ट्रिय राजमार्गहरुको स्तरोन्नति तथा पुनर्स्थापनाको कार्यहरु गर्ने

घ) रुपन्देही र नवलपरासी (पश्चिम) जिल्लाभित्र रहेका राष्ट्रिय राजमार्ग तथा राजमार्ग अन्तर्गत रहेका पुलहरुमा ट्राफिक सुरक्षाका लागि आवश्यक संरचना तथा पूर्वाधारहरु तयार गर्ने

ङ) यस सडक डिभिजनको क्षेत्राधिकार भित्र पर्ने राजमार्गहरुमा पेट्रोल पम्प स्थापना गर्न स्वीकृतिको लागि आवश्यक सिफारिस गर्ने

च) राजपत्रमा प्रकाशन भएबमोजिम यस डिभिजन अन्तर्गत रहेका राष्ट्रिय राजमार्गहरुको क्षेत्राधिकार (ROW) संरक्षण गर्ने

छ) नेपाल सरकारद्वारा स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय राजमार्गहरु बाहेकका अन्य सडक र स्थानीय सडक पुलहरुको निर्माण गर्ने

ज) नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागले तोकेबमोजिमका अन्य कार्यहरु

झ) यस डिभिजनको क्षेत्राधिकार भित्र पर्ने राष्ट्रिय राजमार्गहरुमा विभिन्न public utilities हरु को निर्माण, मर्मत कार्यको लागि नियमानुसार लाग्ने दस्तुर लिई उक्त कार्यको लागि स्वीकृति दिने


## सडक डिभिजन बुटवल, रुपन्देही अन्तर्गत रहेका सामरिक महत्वका सडकहरु :

यस कार्यालयको जिम्मेवारी अन्तर्गत सडकको कुल लम्बाई ३३६.२ कि. मी. रहेकोमा हाल राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग गरी कुल १९३ कि. मी. सडक यस सडक डिभिजन द्वारा मर्मत संभार भइरहेको।

हाल महेन्द्र राजमार्गको करिब सम्पुर्ण खण्ड र हुलाकी राजमार्गको केही खण्ड सडक विभाग अन्तर्गत अन्य कार्यालयबाट निर्माण भइरहेको ।

- बर्दघाट नारायणचोक खण्ड = ७ कि.मि.
- भुमही परासी सडक = ७ कि.मि.

- कक्रहवा (भारत सिमा) रुद्रपुर सालझण्डी सन्धिखर्क ढोरपाटन, बुर्तिबांग ढोरपाटन (कक्रहवा (भारत सिमा) रुद्रपुर सालझण्डी खण्ड) = ३८ कि.मि.
- हुलाकी राजमार्ग (परासी-भैरहवा-कोठी खण्ड) = ४५ कि.मि.
- सिद्धार्थ राजमार्ग (बेलहिया-बुटवल-चिडियाखोला) = २८.२ कि.मि.
- सुनवल परासी महेसपुर सडक = २०.९५ कि.मि.
- त्रिवेणी सनई गण्डक नहर सडक = १९ कि.मि.




सडक डिभिजन बुटवल रुपन्देहीको क्षेत्राधिकार नक्सा

**<u>सडक डिभिजन बुटवल , रुपन्देहीका सांगठनिक संरचना तथा कार्यरत कर्मचारी विवरण</u>**

### डिभिजन प्रमुख
(रा.प. द्वि, प्रा, ने.इ./सिभिल/हाइवे) -१

### प्राविधिक शाखा
- इन्जिनियर (रा.प.तृ, प्रा, ने.इ./ सिभिल/हाइवे)-५
- ल्याब अफिसर (रा.प.तृ, प्रा, ने.इ/सिभिल/हाइवे)-१
- सब इन्जिनियर (रा.प.अन प्र, प्रा, ने.इ./ सिभिल/हाइवे)-१२
- ल्याब असिस्टेन्ट ((रा.प.अन द्वि, प्रा, ने.इ./ सिभिल/हाइवे)-१

### प्रशासन/स्टोर शाखा
- नायब सुब्बा (राप.अनं.प्र.ने.प्र./साप्र) -१
- कम्प्यूटरटर अपरेटर (राप.अनं.प्र. ने. विविध)-१
- हलुका सवारी चालक (श्रेणीविहिन) -३
- कार्यालय सहयोगी (श्रेणीविहिन) -३

### आर्थिक प्रशासन शाखा
- लेखा अधिकृत (रा.प. तृ. ने.प्र./लेखा) -१
- लेखापाल (राप. अनं.प्र. ने.प्र./लेखा) -१

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सडक डिभिजन बुटवल
बुटवल, रुपन्देही

## कार्यरत कर्मचारी विवरण :

| सि.न. | पदको नाम | दरबन्दी संख्या | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|
| १ | डिभिजन प्रमुख | १ | १ | |
| २ | लेखा अधिकृत | १ | १ | |
| ३ | इन्जिनियर | ५ | ६ | १ जना काजमा |
| ४ | लेखा पाल | १ | १ | |
| ५ | नायब सुब्बा | १ | १ | |
| ६ | सब – इन्जिनियर | १२ | १२ | १ जना काजमा |
| ७ | कम्प्युटर अपरेटर | १ | १ | |
| ८ | ल्याब असिस्टेन्ट | १ | १ | |
| ९ | हलुका सवारी चालक | ३ | ३ | |
| १० | कार्यालय सहयोगी | ३ | ३ | |

## सडक डिभिजन बुटवल रुपन्देहीबाट प्रदान गरिने सेवा

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा

# सडक डिभिजन, बुटवल

## नागरिक वडापत्र

| क्र.सं. | सेवाको विवरण | सेवा प्राप्तीको लागि आवश्यक कागजात र प्रकृया | लाग्ने शुल्क | लाग्ने समय | सम्बन्धित शाखा | गुनासो सुन्ने अधिकारी | निर्णय दिने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १. | रुपन्देही र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला भित्रका केन्द्रस्तरका राजमार्ग सहायक मार्गको उचित मर्मत सुधार सम्बन्धी कार्य | स्वीकृत वार्षिक कार्यक्रम अनुसार र साल बसाली रुपमा तोकिएका कामहरु गरी यातायात सुचारु रुपले सञ्चालन गर्न तोकिएको मापदण्ड अनुरुप कामहरु सञ्चालन गर्ने । | - | - | प्राविधिक | सम्बन्धित इन्जिनियर | डिभिजन प्रमुख |
| २. | सडक खन्ने स्वीकृत दिने कार्य | सम्बन्धीत संस्थान/समितिको स्वीकृत नक्सासहितको सिफारिस पत्र र यस कार्यालयका प्राविधिकबाट पेश भएको क्षती पुग्ने सडक क्षेत्रफलको धरौटी रकम यस कार्यालयको नाम र कार्यालयको कोड नं. ३३७०१४८०२ उल्लेख गरी को.ले.नि.का रुपन्देहीको नाममा रहेको कृषि विकास बैंकको खाता नं. ०४१४३०१४२५३०२७ मा जम्मा गरेको भौचर ।<br>नोट: प्रत्येक सालको असार १ गतेदेखि भाद्र मसान्तसम्म सडक खन्न स्वीकृती दिइने छैन । | नियमानुसार | ३(तीन) दिन | प्राविधिक | सम्बन्धित इन्जिनियर | डिभिजन प्रमुख |
| ३. | सडक सिमा भित्र पर्ने जग्गाको लगत कट्टा सम्बन्धी कार्य | जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा), जग्गाको नक्सा र रु.१०/- को टिकटसहित निवेदन दिने । | - | ७ दिन | प्रशासन शाखा | नायब सुब्बा/कम्प्युटर अपरेटर | डिभिजन प्रमुख |
| ४. | भू-आज्ञा सम्बन्धी कार्य | भू-आज्ञा समितिको बैठकले तय गरे मुताविक जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा), नागरिकताको प्रमाण-पत्र र तत् सम्बन्धी अन्य कागजातहरु पेश गर्नुपर्ने । | - | ७ दिन | प्रशासन शाखा | नायब सुब्बा/कम्प्युटर अपरेटर | डिभिजन प्रमुख |
| ५. | बोलपत्र फाराम बिक्री तथा दर्ता कार्य | प्रकाशित सूचनामा उल्लेख भए अनुसार नवीकरण भएको कम्पनी दर्ता प्रमाण-पत्र, इजाजत कागज, करचुक्ता प्रमाण पत्र, भ्याट दर्ता, स्थायी लेखा (पान) नं. दर्ता र अन्य आवश्यक कागजातहरु संलग्न गर्नुपर्ने । (अनलाइन समेत) | नियमानुसार | प्रकृया पुरा भएको दिन वा भोलिपल्ट | प्रशासन/लेखा शाखा | लेखा अधिकृत/ नायब सुब्बा | डिभिजन प्रमुख |
| ६. | धरौटी फिर्ता, विडवण्ड, परफरमेन्स वण्ड र पेश्की जमानत फुकुवा गर्ने कार्य | निवेदन, मु.अ.कर समायोजन, कर चुक्ता प्रमाण-पत्र, भ्याट दर्ता प्रमाण-पत्र, कार्यसम्पन्न प्रतिवेदन र त्रुटी सच्याउने अवधि समाप्त भएपछि (कार्यालयलाई आवश्यक नभएमा) बैंक ग्यारेन्टी फिर्ता हुने ।<br>पेश्की जमानतको हकमा नियमअनुसार पेश्की कट्टा भएपछि । | - | तत्काल | प्राविधिक / लेखा शाखा | सम्बन्धित इन्जिनियर /लेखा अधिकृत | डिभिजन प्रमुख |
| ७. | राजस्व बुझ्ने कार्य | कार्यालयको कामको सिलसिलामा नियमानुसारको दस्तुर यस कार्यालयको कोड नं. ३३७०१४८०२ उल्लेख गरी रा.वा.बैंक/कृषि विकास बैंकमा जम्मा भएको भौचर । | - | प्रकृया पुरा भएको दिन वा भोलिपल्ट | लेखा शाखा | लेखा अधिकृत | डिभिजन प्रमुख |
| ८. | मासिक खर्च विवरण | खर्चको विवरण महिना समाप्त भएको मितिले ७(सात) दिनभित्र सम्बन्धित निकायमा पठाउने र सूचना पाटीमा टाँसहुने । | - | - | लेखा शाखा | लेखा अधिकृत | डिभिजन प्रमुख |
| ९. | गुणस्तर परीक्षण गर्ने कार्य | सडक तथा पुलहरुको निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीको गुणस्तर परीक्षण तथा प्रतिवेदन । | नियमानुसार | प्रतिवेदन परिक्षण भएको मितिले ७ दिन भित्र | प्राविधिक/ल्याब शाखा | ल्याब इन्जिनियर | डिभिजन प्रमुख |
| १०. | सूचना | यस कार्यालयमा भए गरेको कार्यहरुको सूचना माग भएमा रु.१०/-को टिकट टाँस गरी निवेदन गरेमा नियमानुसार प्रतिलिपी प्राप्त गर्न सकिने छ । | नियमानुसार | १५ दिनभित्र | - | सूचना अधिकारी | डिभिजन प्रमुख |

नेपाल सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल
बुटवल, रुपन्देही

**सेवा प्रदान गरिने शाखा र जिम्मेवार अधिकारी :**

सडक डिभिजन बुटवल रुपन्देहीबाट प्रदान गरिने नागरिक वडापत्रमा उल्लेख भएबमोजिम

**सेवा प्राप्त गर्न लाग्ने लाग्ने दस्तुर र अवधि :**

सडक डिभिजन बुटवल रुपन्देहीबाट प्रदान गरिने नागरिक वडापत्रमा उल्लेख भएबमोजिम

**निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

यस कार्यालयबाट सम्पादन गरिने काम कारवाही सम्बन्धमा सम्बन्धित ऐन/ नियममा तोकिए बमोजिमको प्रकिया पुरा गरि तोकिए बमोजिमको अधिकारी/निकायबाट हुने गरेको छ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारी**

यस कार्यालयबाट भए गरेका कार्यउपरको उजुरीको हकमा प्रचलित ऐन, नियममा तोकिएबमोजिम हुने

**आ. व. २०८२/८३ चौथो त्रैमासिक सम्म सडक डिभिजन बुटवल, रुपन्देहीबाट सम्पादन गरिएका मुख्य मुख्य कार्यको विवरण :**

Blacktop Works : 38.59 km
Gravel : 1.6 km
Pothole maintenance: 7785.00 Sq.m
Overall Progress: 65.7%

**सूचना अधिकारी र कार्यालय प्रमुखको नाम :**

कार्यालय प्रमुख : श्री नवराज बास्तोला (सिनियर डिभिजनल इन्जिनियर)
सूचना अधिकारी : श्री प्रज्ञा शर्मा (इन्जिनियर)

| दर्जा | नाम थर | सम्पर्क नम्बर | Web Site |
|---|---|---|---|
| कार्यालय प्रमुख | नवराज बास्तोला | 9857071146 | www.dor.gov.np/butwal |
| सूचना अधिकारी | प्रज्ञा शर्मा | 9857072146 | roaddivisionbutwal@gmail.com |

**ऐन, नियम , विनियम वा निर्देशिकाको सुची**

क) सार्वजनिक सडक ऐन २०३१
ख) सार्वजनिक खरिद ऐन २०६३
ग) सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित )
घ) सवारी तथा यातायात व्यवस्था ऐन २०४९
ङ) वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७
च) जग्गा प्राप्ति ऐन २०३४
छ) Nepal Road Standard, 2077
ज) Standard Specifications for Road and Bridge works, 2058
झ) Road Board Act, 2059
ञ) National Transport Policy
ट) The Department of Roads Strategy, 1997 A.D
ठ) Nepal Feeder Roads Standard, 1997 A.D.
ड) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली २०७७

## आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

## आ.व. ०८२/८३ चौथो त्रैमासिक सम्ममा भएको आम्दानी विवरण

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल
रुपन्देही

printed on: 2026/07/24
म.ले.प.फाराम नं.११०
साबिकको फाराम नं. ११

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन ,बुटवल[337014802]

### राजस्व/आम्दानी नगद र असुली प्रतिवेदन किताब

आ.व. २०८२/८३

| सि.नं. | राजस्व शीर्षक | राजस्वको विवरण | राजस्व आम्दानी | सञ्चित कोष दाखिला | बाँकी नगद | गत आ.व.को नगद मौज्दात दाखिला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | साबिक तर्फ | | | | | |
| | | साबिक तर्फको जम्मा | | | | ०.०० | |
| | | हालतर्फ | | | | | |
| १ | १४२१२ | सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | | | | | |
| २ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ४१८९३२७ | ४१८९३२७ | | | |
| ३ | १४३१२ | प्रशासनिकदण्ड,जरिवाना र जफत | ७२०५६५७० | ७२०५६५७० | | | |
| ४ | १४३१३ | धरौटी सदरस्याहा | | | | | |
| ५ | १४५२९ | अन्यराजस्व | १०३७५० | १०३७५० | | | |
| ६ | १५१११ | बेरूजू | २७९६७५०४.६२ | २७९६७५०४.६२ | | | |
| ७ | १५११२ | निकासा फिर्ता | | | | | |
| | | हालतर्फको जम्मा | १०४,३१७,१५१.६२ | १०४,३१७,१५१.६२ | ०.०० | ०.०० | |
| | | कुल जम्मा | १०४,३१७,१५१.६२ | १०४,३१७,१५१.६२ | ०.०० | ०.०० | |

पेश गर्नेको सहि: [illegible]
नाम , थर : विष्णु प्रसाद बेलबासे
दर्जा : लेखा अधिकृत
मिति : २०८३/०४/०८

कार्यालय प्रमुख को सहि :
नाम , थर :
दर्जा :
मिति :

आ.व. ०८२/८३ चौथो त्रैमासिक तथा कुल खर्च विवरण:

## सडक डिभिजन बुटवल

### आ.व.२०८२।०८३ अन्तर्गत त्रैमासिक ठेक्का बन्दोवस्तको विवरण

| क्र.सं. | बजेट उपशीर्षक नं. | बजेट उपशीर्षक | शुरु बजेट रु | थप बजेट रु | घट बजेट रु | अन्तिम बजेट रु | त्रैमासिक खर्च विवरण: प्रथम त्रैमासिक खर्च | दोश्रो त्रैमासिक खर्च | तेश्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | कुल खर्च रु | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३३७०११७६४ | निर्वाचन क्षेत्र रणनैतिक सडक | २१०,०००,०००.०० | ४०,०००,०००.०० | ० | २५००००००००.०० | ५४७०३२१०.०० | ६७१८५७३२.०० | ६३१४१८७०.०० | ६०३८८८६८.०० | २४५४१७४८०.०० | ९८.१७ |
| २ | ३३७०१०१९४ | बुटवल लिंक रोड (बाइपास) | १५०,०००,०००.०० | ० | ० | १८००००००००.०० | ४४१३०३७२.०० | ६२१३०७४९.८७ | ११७३५८४२.०० | ०.०० | ११७९९९९६३.८७ | ६५.५५ |
| ३ | ३३७०१०१२४ | डिभिजन सडक कार्यालयहरु | २,०००,०००.०० | ० | ० | २००००००.०० | २००००००.०० | ०.०० | ०.०० | ०.०० | २००००००.०० | १००.०० |
| ४ | ३३७०११२२४ | स्थानीय सडक पुल निर्माण | ४९,०००,०००.०० | ० | ० | ४९००००००.०० | १००००३७०.०० | ३३०९१०१.०० | १७५५४१८३.०० | १८११३०८७.०० | ४८९७६७४१.०० | ९९.९५ |
| ५ | ३३७०११३०४ | औद्योगिक कोरिडोर (व्यापारीक मार्ग) विस्तार आयोजना | १००,०००,०००.०० | ३५,०००,०००.०० | ० | १३५००००००.०० | १८४२२६९९.०० | २८०२७८२०.०० | १७८९२९९०.०० | ५५०२४८२१.०० | ११९३६८३३०.०० | ८८.४२ |
| ६ | ३३७०११६९४ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | १,०१०,०००,०००.०० | ० | २४६९०००००.०० | ७६३१०००००.०० | ५४२९०८४३.०० | ८५७८१०५२.०० | १०९४४५३८९.०० | ९६५३९९३९.०० | ३४६०५७२२३.०० | ४५.३५ |
| ७ | ३३७०१०१७४ | प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रम | ७,०००,०००.०० | १९,२००,०००.०० | ० | २६२०००००.०० | ७००००००.०० | ०.०० | ०.०० | १९२०००००.०० | २६२०००००.०० | १००.०० |
| ८ | ३३७०११३८४ | राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम | ५०,०००,०००.०० | ० | ० | ५०००००००.०० | ० | २५५६३२४.०० | १०२४०००.०० | २०५०२९०.०० | ५६३०६१४.०० | ११.२६ |
| ९ | ३३७०११३६४ | सडक तथा ट्राफिक सुरक्षा | ५,०००,०००.०० | ० | ० | ५००००००.०० | ० | ०.०० | ०.०० | ४२१६६६५.०० | ४२१६६६५.०० | ८४.३३ |
| १० | ३३७०११६७ | क्षेत्रिय व्यापारीक मार्ग बिस्तार | १८०,०००,०००.०० | ० | ० | १८००००००००.०० | ३३,०३७,७५९.०० | ६३५०४९०३.०० | ४०५१०६६५.०० | ९९१९५१.०० | १३८०४५२७८.०० | ७६.६९ |
| ११ | ३३७०११३२४ | रणनैतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ५,३००,०००.०० | ० | ० | ५३०००००.०० | ० | ०.०० | ०.०० | ११८०३७२.०० | ११८०३७२.०० | २२.२७ |
| १२ | ३३७३१०११३ | सडक बोर्ड | १४२७६२०००.०० | ० | ० | १४२७६२०००.०० | ७५७१९७९.४० | ६३५०४९०३.०० | ४०५१०६६५.०० | १०३८२९३०.६० | १२१९७०४७८.०० | ८५.४४ |
| १३ | ३३७०१०१२३ | डिभिजन सडक कार्यालयहरु | २१५९१०००.०० | ५६,९६६,६९२.०० | ० | ७८५५७६९२.०० | ६१८५३६०.७४ | ५००३०६४.५६ | ६११६३६८.९२ | ५१८३३९७.०० | ७७५३५५०५.२२ | ९८.७० |
| | | जम्मा | १९४१०६२०००.०० | ९४२०००००.०० | २४६९०००००.०० | १७८८३६२०००.०० | २३११५७२३२.४० | ३७६०००५८४.८७ | ३०१८१५६०५.०० | २६८०८६७२२.६० | ११७७०६०१४४.८७ | |

विष्णु प्रसाद आचार्य
लेखापाल

(विष्णु प्रसाद बेलबासे)
लेखा अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल
बुटवल, रुपन्देही

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल
बुटवल, रुपन्देही




महेन्द्र चोक, Service lane मा कालोपत्रे हुदै



बुटवल गोलपर्कमा sub-base laying कार्य हुदै